# आर्थिक वर्ष २०७४/०७५ को नीति
## कार्यक्रम तथा वजेट

### वक्तव्य

२ ० ७ ४

## आठराई गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## सक्रान्तिवजार,तेह्रथुम
१ नं. प्रदेश,नेपाल

*"राम्रो गाउँ हाम्रो गाउँ, हाम्रो आठराई समृद्ध आठराई"*

# गाउँसभा १ मंसिर २०७४ मा

## अध्यक्ष मान बहादुर लिम्बुज्यूले
## प्रस्तुत गर्नुभएको

### आर्थिक वर्ष २०७४/०७५ का नीति, कार्यक्रम तथा
### बजेट वक्तव्य

## आठराई गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## सक्रान्तिवजार,तेह्रथुम
### १ नं. प्रदेश,नेपाल

*“राम्रो गाउँ हाम्रो गाउँ, हाम्रो आठराई समृद्ध आठराई”*

**गाउँसभाका माननिय सदस्य ज्यूहरु गाउँसभाका सचिव तथा सम्पूर्ण कर्मचारी मित्रहरु र उपस्थित सम्पूर्ण महानुभावहरु।**

ऐतिहासिक जनआन्दोलन २०६२/०६३ ले मुलुकलाई युगान्तकारी परिवर्तन गरेको छ। २४० वर्षको राजतन्त्रलाई उन्मुलन गरी देशमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको छ। नेपाली समाज नयाँ युगमा प्रवेश गरेको छ। अहिले मुलुक प्राप्त उपलब्धीहरुलाई संस्थागत गर्ने प्रकृयावाट अघि वढिरहेको छ। हाम्रो देश युगान्तकारी परिवर्तनको माध्यमवाट उज्वल सम्भावना र गम्भीर चुनौतीहरुको वीचमा संक्रमणकालीन अवस्थावाट गुज्रिरहेको छ।

नेपालको संविधान २०७२ ले नेपाल समाजवाद उन्मुख संघीय लोकत्रान्त्रीक गणतन्त्रात्मक राज्य रहने,संघ प्रदेश र स्थानीय निकाय गरि ३ तहका शासकिय प्रणालि रहने र हरेक तहले आफ्ना अधिकारहरु स्वायत रुपमा प्रयोग गर्ने प्रावधानलाई व्यवहारीक रुपमा रुपान्तरण गर्ने क्रममा स्थानीय तहको निर्वाचन २०७४ सम्पन्न भएको छ। संघ र प्रदेशको निर्वाचन हाम्रो संघारमा छ जसलाई सफलता पूर्वक सम्पन्न गर्न सवै राजनीजिक दल ,नागरिक समाज, पत्रकार ,समाज सेवी वुद्धिजिवि ,सम्पूर्ण राष्ट्र सेवक कर्मचारी ,सरोकारवाला सवैमा आवहान गर्दछु।

संघीयता कार्यान्वयनको मुख्य खुड्कीलोको रुपमा लिईएको स्थानीय तहको निर्वाचन पश्चात हामी यहाँ उपस्थित भएका छौ। संघिय शासन व्यवस्थाको मर्म अनुरुप राजनीतिक ,आर्थिक,सामाजिक तथा वित्तिय स्वायत्तताको स्थानीय तहको शासन संचालन गर्न आठराई गाउँपालिकामा गाउँकार्यपालिका तथा गाउँसभा गठन भएको छ। स्थानीय तहको निर्वाचन पश्चात पहिलो गाउ सभा वस्न गईरहेकोले सर्वप्रथम त गाउँसभाका सम्पूर्ण सदस्य ज्यूहरुलाई हार्दिक वधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्न चाहान्छु।

नेपाल राजपत्रमा मिति २०७३ फाल्गुण २७ गते प्रकाशित सूचना वमोजिम स्थापित तथा मिति २०७४ अषाढ १४ गते सम्पन दोस्रो चरणको स्थानीय तहको निर्वाचन पश्चात स्थापित यस आठराई गाउँपालिकालाई संमृद्ध समुन्नत वनाउन थुप्रै चुनौति तथा अवसरहरु रहेका छन्। स्थानीय तहले कसरी कार्य संचालन गर्ने अन्योलताको विच गाउँपालिका वनिसकेपछी आम नागरिकहरुको अपेक्षा वढ्नु स्वभाविक नै हो। स्थानीय सरकारलाई आफ्नो क्षेत्रको शासन आफै संचालन गर्न, आफ्नो क्षेत्रको विकास आफै गर्न तथा आफूलाई आवश्यक पर्ने कानुन आफै तर्जुमा गर्न प्राप्त अधिकारहरुलाई संस्थागत गर्दै अघी वढिरहेको अवस्थामा गाउँपालिकावासीहरुको अपेक्षा अनुरुप गाउँपालिकाले सेवा प्रवाह गर्न, विकास निर्माणका कामहरु गर्न, सवै सर्वसाधारण जनताको घरदैलोमा सरकारको उपस्थितको प्रत्याभूति गराउन निकै कठिनाईहरु विद्यमान रहेका छन्। यस गरीमामय अवसरमा लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि विभिन्न समयमा भएका आन्दोलनहरुमा सकृय भई राष्ट्रका लागि आफ्नो जीवन वलिदान गर्नुहुने ज्ञात अज्ञात शहिदहरूको वलिदान प्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु। लामो समय सम्म स्थानीय तह जनप्रतिनिधि विहिन रहेको अवस्थामा समेत जनताको विकासको चाहनाको सारथीको रुपमा भूमिका निर्वाह गर्नु भएका सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

यो गाउँसभामा प्रस्तुत गरिने यस आठराई गाउँपालिकाको आ.व. २०७४/०७५ को वार्षिक नीति तथा कार्यक्रम,वजेट निर्माण गर्न प्रत्यक्ष एंव अप्रत्यक्ष रुपले सहयोग गर्नु हुने सवैलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

**सर्वप्रथम म यो सम्मानीत सभा सामु आठराई गाउँपालिकाको सामान्य परिचय प्रस्तुत गर्न चाहान्छु ।**

**स्थानीय तहको संक्षिप्त परिचय :-**

नेपालका ७ वटा प्रदेश अन्तर्गत पर्ने १ नम्वर प्रदेशको पहाडी जिल्लामध्ये तेह्रथुम पनि एक हो । यस जिल्ला अन्तर्गत आठराई क्षेत्रको छुट्टै महत्व रहेको छ । भौगोलिक विषमता, शिक्षा क्षेत्रको अग्रता, प्राकृतिक सुन्दरता, सबै जातजातिहरूको वासस्थान, पर्यटकीय सम्भावनाको अवस्था यस क्षेत्रलाई चिनाउने माध्यम हुन् । यसका साथै विश्वमै प्रसिद्ध मानिने अलैची यस क्षेत्रको आर्कषकको केन्द्रविन्दु रहेको छ । नेपालमै प्रसिद्धि पाएको *ढाका टोपी, आठराईका खुकुरी, खाँडी कपडा, राडीपाखी लिम्वूहरूको धान नाच, तामाङहरूको तामाङ् सेलो, बालुन नाच, व्राह्मणले वजाउने नौमती बाजा* यस क्षेत्रलाई चिनाउने प्रमुख विषेशताहरू हुन् ।

**नामकरण**

झन्डै अस्ट्रेलियाको पूर्वी आकार परेको आठराईको बीचमा फुकेको र उत्तर, दक्षिण साँघुरिएको अवस्थामा रहेको छ । पूर्वमा तमोर नदी, पशिचममा कोयाखोला ,उत्तरमा ताप्लेजुङ, दक्षिणमा तमोर नदीले घेरिएको उत्तरदेखि दक्षिणतिर भिरालो परेको सुन्दर लिम्बूवान बस्ती भएको यो क्षेत्रको नामकरणका सम्बन्धमा भने विभिन्न किंवदन्तीहरू पाइन्छन् ।

यस क्षेत्रको नाम आठराई रहनुमा एउटा ऐतिहासिक प्रसङ्ग जोडिएको छ । आठ जना रायहरूले धरानको फुस्रेबाट भारी बोकेर आउँदा बास बस्ने ठाँउ संक्रान्तिडाँडामा रहेछ र बास बसेको ठाँउमा राति गफ गर्दै जाँदा यस क्षेत्रमा लिम्बुहरूको राज्य गर्ने मानिस नभएको हुनाले अव हामीले यस ठाउको राज्य गर्नुपर्छ भनी राज्य गर्ने निधो गरेर राज गर्न थाले र आठ रायहरूले राज्य गरेको क्षेत्रलाई हाल अपभ्रंश हुदै आठराई नाम रहन गएको हो भन्ने किंम्वदन्ती पाइन्छ । यसरी यस क्षेत्रको नामाङ्कन लिम्वूहरूबाटनै भएको हो भन्ने आधारको रूपमा यस क्षेत्रका अधिकाँश टोलहरूका नाम पनि लिम्वू भाषाबाट नै नामाङ्कन भएबाट स्पस्ट हुन्छ जस्तै *फुङसेङ, नासिवुङ, खाम्लालुङ, फाक्चुवा, लिसेवुङ, साम्थाङ, लिङदेन, पाक्तेन, थोक्लुङ्ग,फुङनाम* आदि उल्लेख्य रहेका छन् । त्यस्तै आठराईमा लिम्वूहरूको बसोबास बढी भएको क्षेत्र हुनाले यस क्षेत्रमा अधिकांश ठाउँका नाम लिम्बू भाषामा नै राखिएजस्तै लिम्बू वंशावलीमा पनि तेह्रथुम जिल्लाको नामकरणको सम्बन्धमा किंवदन्ती पाइन्छ । “वंशावलीअनुसार मोरङ राज्यको *साङलाइङ* राजाका भाइ *सिदिइङ* फेदाप पहाडमा बसेको अनुमान गरिएको छ । उनले दरबारका हिन्दू पुरोहितको भनाइमा लागेर आफ्नो नामसमेत *“अमर राय”* राखे । त्यसैको अनुशरण उनका सन्तानहरूले गरेका थिए । त्यसबेला फेदापमा छ रायहरू भए र यसका साथै उत्तरी फेदापमा सात रायहरू भए । नेपालको पूर्वाञ्चलको धनकुटा गौडामा त्यसबेला सत्र थुमको तिरो बुझाउने कार्य हुन्थ्यो जसलाइ दस लिम्बूवान र सत्र थुम भनेर अहिले पनि भनिन्छ । पछि फेदाप र उत्तरी फेदापका छ राय र सात रायलाई मिलाई छुट्टयाएर तेह्रथुम बनाइयो । यी माथिका किंवदन्तीबाट के स्पष्ट हुन्छ भने तेह्रथुम जिल्लाको नामकरण तिरो उठाउने सम्बन्धबाट भएको बुझिन्छ । “वि.सं.१९५२ सालमा सर्बे नापी हुँदा १३ वटा थुमहरू मिलाएर हालको सदरमुकाम रहेको म्याङ्लुङमा मालपोत उठाउन माल अड्डा स्थापना गरेपछि यसको नामकरण तेह्रथुम रहेको हो । वि.सं. २०२२ सालमा ७५ जिल्लामा माल अड्डा खडा भएपछि यस जिल्लाका १३ वटा थुम मध्ये पाँचथर जिल्लामा पाँचथर थुम नुभो उत्तर र नुभो दक्षिण,ताप्लेजुङ जिल्लामा तमोरखोला, मैवाखोला, मेवाखोला र याङ्रूप थुमहरू र सङ्खुवासभा जिल्लामा पाँचखपन, चैनपुर, सभाउत्तर, सङ्खुवाउत्तर र दसमझिया थुमहरू गाभिएको हुनाले अनि बाँकी रहेका फेदाप, आठराई र छथर गरी यस जिल्लामा हाल तिनवटा थुमहरू मात्र कायम रहेका छन् ।” वि.सं २०१९ साल अघि यस जिल्लाको प्रशासन धनकुटाबाट चलाउने गरिएको थियो । वि.सं २०१९ सालमा म्याङ्लुङमा जिल्लाको प्रशासन स्थापना भएपछि तेह्रथुम जिल्ला कायम भई आफ्नै

अस्तित्वमा रहन गएको हो । हाल यस गाउँपालिकामा ईलाका प्रशासन कार्यालय, मालपोत कार्यलय र नापी कार्यलयको स्थापना भई सेवा संचालन भई रहेको व्यहोरा सवैमा अवगत नै छ ।

**राजनीतिक तथा प्रशासनिक विभाजन**

२०१९ सालमा म्याङ्लुङमा सदरमुकाम स्थापना गरी तेह्रथुम जिल्ला कायम भई आफ्नै अस्तित्वमा रहेको यस जिल्लामा वि.सं. २०५१ सालभन्दा अगाडि दुई निर्वाचन क्षेत्र रहेका थिए । आठराई क्षेत्र पूरा एक निर्वाचन क्षेत्र थियो । वि.सं. २०५१ सालदेखि जनसङ्ख्याको कमी भएको हुनाले एक मात्र संसदीय निर्वाचन क्षेत्र कायम गरिएको छ । वि.सं.२०१९ साल भन्दा अगाडि हाल ताप्लेजुङ जिल्लाका हाम्पाङ, निगुरादिन, फूलवारी, चाँगे र ढुङ्गेसाँघु गा.वि.सलाई पनि आठराई क्षेत्रको रूपमा लिएको थियो तर वि.सं. २०१९ सालको राजनीतिक परिवर्तनका कारण उक्त गा.वि.सहरू ताप्लेजुङ जिल्लामा गाभिएका छन् । वि.सं. २०५० सालभन्दा पहिले ३१ वटा गा.वि.स. रहेको यस जिल्लामा पछि छथरपोखरी गा.वि.सलाई पंञ्चकन्या र फाक्चामारा गा.वि.समा विभाजन गरी ३२ गा.वि.स. बनाइएको छ । त्यसपछि आठराई तेह्रथुम जिल्लाका ३२ गा.वि.स. मध्ये सात गा.वि.समा सिमित रहेको छ । तेह्रथुम जिल्लामा रहेका ह्वाकु, ईवा, छातेढुङ्गा, चुहानडाँडा, थोक्लुङ, सङ्क्रान्ति र खाम्लालुङ गाविस मिलि आठराई वनेको छ ।

**भौगोलिक परिचय :-**

तेह्रथुमको सुदुरपूर्वमा पर्ने आठराई क्षेत्र पूर्वमा तमोर नदी, पश्चिममा कोयाखोला, उत्तरमा ताप्लेजुङसँग जोडिएको फुँगुवाखोला र दक्षिणमा पाँचथरसँग जोडिएको तमोर नदी छ । यही चार किल्लाको परिधिभित्र तेह्रथुम जिल्लाको *'आठराई'* रहेको छ । "तेह्रथुम जिल्लाको कूल क्षेत्रफल ६७९ वर्ग किलोमीटर वा ६७,९०० हेक्टर मध्ये १६७.०७ वर्ग किलोमिटरमा आठराई फैलिएको छ ।

यस ऐतिहासिक सभा समक्ष निर्वाचित जनप्रतिनिधिको हैसियतमा आठराई गाउँपालिकाको आ.व. २०७४/०७५ को वार्षिक नीति, कार्यक्रम तथा वजेट पेश गर्न पाउँदा अत्यन्तै हर्षित भएको छु ।

आदरणिय महानुभावहरु अव म यस सम्मानीत गाउँसभा समक्ष आर्थिक वर्ष २०७४/०७५ का लागी योजना तर्जुमा गर्दा लिएका मुख्य आधारहरु प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

आर्थिक वर्ष २०७४/०७५ को गाउँपालिकाको योजना निर्माण गर्दा नेपालको संविधान २०७२ ले प्रत्याभुत गरेका मौलिक हकहरु,राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु ,नेपाल सरकारवाट आ.व. २०७४।०७५ को लागी प्रस्तुत गरेका नीति ,कार्यक्रम तथा वजेट ,स्थानीय सरकार संचालन ऐन, २०७४ स्थानिय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धि आदेश, २०७४ तथा संङघीय मामिला तथा स्थानिय विकास मन्त्रालय तथा विभिन्न मन्त्रालयवाट प्राप्त मार्गदशनलाई मुख्य आधार वनाईएको छ ।

# आठराई गाउँपालिकाले आ.व. २०७४/०७५ का लागी लिएका मुख्य मुख्य नीतिहरु

**१. पूर्वाधार क्षेत्र सम्वन्धी नीति :**

**खानेपानी तथा सर-सफाई,सडक तथा भौतिक योजना र पूर्वाधार विकास तथा वस्ती विकास ,सहरी योजना र भवन निर्माण सम्वन्धी**

क. छिमेकी गाउँपालीकाको सीमासम्म सडक विस्तार गर्ने नीति अवलम्वन गरिने छ ,

ख. गाउँ घरको पर्यावरण संरक्षण गर्न एवम् आर्थिक, सामाजिक र वस्ती विकासलाई व्यवस्थित गर्न **"घर-घरमा सडक होइन सडक किनारमा घर"** को नीति अवलम्वन गरिने छ ।

ग.गत आ.व. हरुमा नै छनौट भई निर्माण भएका सडकहरु वाह्रै महिना सञ्चालनमा आउन सक्ने गरी स्तरोन्नती गरिने छ ।

घ आगामी दुई आर्थिक वर्ष भित्र गाउँपालीका सवै वडा लाई सडक सञ्जालमा जोडी आगामी ४ बर्ष भित्रमा व्यवस्थीत चक्रपथ निर्माण गरिने छ ।

ङ) सडकको आकृती विग्रने गरि मानव निर्मित समस्या खडा गर्ने कार्य पूर्ण रुपमा निरुत्साहित गर्न कार्य विधि र निर्देशिका वनाई लागु गरिने छ ।

च. सडक लगायतका पूर्वाधार निर्माण गर्न भनि गठित उपभोक्ता समितिहरुलाई सडकको दिगोपना र मर्मत सम्भार समेतमा विशेष जिम्मेवार र जवाफदेही वनाउने नीति लिइनेछ ।

छ. सार्बजनिक निजी साझेदारीको अवधारणा अनुसार यस गाउँपालीकमा जनताले प्रत्यक्ष उपभोग र प्रयोग गर्ने ठुला योजना तथा आयोजनाहरुको पुर्व सर्वेक्षण, सर्वेक्षण तथा बिस्तृत परीयोजना प्रतिवेदन बनाई कार्यन्वयनमा ल्याइने छ ।

ज..यस गाउँपालीका क्षेत्रमा जलासय युक्त वा नदी प्रवाहमा आधारीत लधु जलविद्युत परीयोजना हरुको सम्भाव्यता अध्ययन गरीने छ ।

झ. केन्द्रिय विद्युत प्रसारण लाई आठराई गाउपालीका जोडी कम्तीमा ३ वर्ष भित्रमा बिद्युतीकरणको लाईन बिस्तार गरीने छ ।

ञ. वडा स्तरमा साना तथा लघु जलविद्युत आयोजनाहरुको समयमै मर्मत गरि संचालनमा ल्याईने छ ।

ट. भू-कम्पको जोखिमलाई मध्यनजर गरि नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालले जारी गरेको वस्ती विकास शहरी योजना तथा भवन निर्माण सम्वन्धीत आधारभूत मार्गदर्शन २०७२ लाई सार्वजनिक तथा नीजि भवनहरुमा अयिनवार्य रुपमा लागु गरिने छ ।

ठ. आठराई गाउँपालिकामा रहेका वजार उन्मुख क्षेत्रमा सहरीकरणको योजना ल्याउन आवश्यक पहल गरिने छ ।

ड. भौतिक संरचना निर्माण गर्दा महिला मैत्री ,वालमैत्री तथा अपाङ्गमैत्री भवन निर्माण गरिने छ ।

ढ. आठराई गाउँपालिकामा एफ.एम.संचालनको लागी आवश्यक पहल गरिने छ ।

**२. आर्थिक विकास सम्वन्धित नीति :**

क. पकेट क्षेत्रको अवधारणालाई कार्यान्वयनमा ल्याईने छ ।

ख. आवश्यकता अनुसार साना मझौला तथा ठूला सिंचाई आयोजनाको संभाव्यता अध्ययन गरि कार्यान्वयनमा ल्याईने छ ।

ग. सुन्तला, कागती,अलैची, अम्रिसो जस्ता नगदेवाली, चिराईतो जस्ता जडिवुटी र रुद्राक्षको उत्पादन लाई विशेष प्रोत्साहन गरिने छ ।

घ.कृषि उपजको संकलन तथा बजार व्यवस्थापनमा निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ ।

ङ. उन्नत नश्लका पशुपालन तर्फ किसानलाई प्रोत्साहन गरिने छ ।

च. पर्यटन क्षेत्रलाई आठराई गाउँपालिकाको विकासको मुख्य आधारको रुपमा लिईने छ। पर्यटकिय स्थल निर्माण , नयाँ ट्रेकिङ्ग रुटको पहिचान गरि संचालन गर्न आवश्यक पहल गरिने छ। आठराई गाउँपालिकाको पर्यटन गुरुयोजना निर्माण गरि पर्यटनका सम्भावनहरुलाई खोज गरिने छ।

छ. सहकारी क्षेत्रलाई आर्थिक विकासको मेरुदण्डको रुपमा विकास गरि साझेदारी मार्फत कार्यक्रमहरु संचालन गरिने छ।

ज. वित्तिय क्षेत्रसँग समन्वय गरि विभिन्न आयोजना परियोजनाहरु संचालन गर्न पहल गरिनेछ।

**३. सामाजिक विकास सम्वन्धि नीति :**

क. आठराई गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुसँग सम्वन्धित शैक्षिक गुरुयोजना निर्माण गरि कार्यान्वयनमा ल्याईनेछ।

ख. वुह-प्राविधिक शिक्षालय संचालनमा ल्याईने छ।

ग. विद्यालयको भौतिक पूर्वाधारमा स्तर उन्नती गरिने छ।

घ. स्वास्थ्य संस्थाहरुमा औषधीको अभाव हुन नदिन आवश्यक वजेटको व्यवस्था गरिने छ।

ङ. स्वास्थ्य चौकीहरुको भौतिक पूर्वधारमा स्तर उन्नती गरिने छ। प्रसुती सेवालाई व्यवस्थित तथा वर्थीङ्ग सेन्टरलाई विस्तार गरिने छ।

च. आयुर्वेद्ध औषधालयको संस्थागत क्षमता अभिवृद्धी गर्न आवश्यक नीति अवलम्वन गरिनेछ।

छ. खानेपानी आयोजनाको सम्भाव्यता अध्ययन गरि मझौला स्तरको आयोजनालाई संचालनमा ल्याईने छ।

ज. वडा स्तरमा विभिन्न आदिवासी तथा जनजातिहरुको भाषा ,संस्कृती संरक्षण,प्रवर्द्धन तथा विकासमा विशेष पहल गरिनेछ।

झ. यस गाउँपालिकावाट प्रवाह गरिने सेवा सुविधामा महिला वालवालिका ,फरक क्षमता भएका ,जेष्ठ नागरिकहरुलाई विशेष प्राथमिकता दिईनेछ।

ञ.. वृद्धभत्ता र अपाङ्ग भएका व्यक्तिहरुको सामाजिक सुरक्षा भत्ता घर घरमा वितरण गर्ने कार्यको निरन्तरता दिईनेछ।

ट. अपाङ्गगता भएका व्यक्तिहरुको सुरक्षाका लागी एक विशेष अपाङ्गता कोषको स्थापना गरिनेछ।

**४.वातावरण तथा विपत व्यवस्थापन :**

**क.** वन तथा वातावरण संरक्षणलाई ध्यान दिदै जथाभावी सडक तथा अन्य संरचना निर्माण गर्ने प्रवृतिलाई कडाईका साथ नियन्त्रण गरिने छ।

ख. पहिरो तथा भू-क्षयग्रस्त क्षेत्रहरुमा वृक्षारोपण गरिनुका साथै त्यसको संरक्षण एंव संवर्द्धन गरिने छ।

ग. जल तथा भूमि संरक्षणको साथै भूमिको उत्पादकत्व वृद्धि गरि कृषि उत्पादन वढाउन सहयोग पुऱ्याउने जलाधार क्षेत्रको एकृकित संरक्षण र व्यवस्थापन गरिने छ।

घ.जल उत्पन्न प्रकोप न्यूनिकरण गर्न सरोकारवाला संघ संस्थाहरुसँग समन्वय र सहकार्य गरिने छ।

ङ. जडिवुटीको खोज संरक्षण र प्रशोधन गर्न व्यवसायीक नीति लिईने छ।

च. फोहरमैला व्यवस्थापनको लागी आवश्यक पर्ने ल्याण्डफिल्ड साईटको आवश्यक जग्गाको लागी पहल गरिने छ।

छ. विपत व्यवस्थापनको लागी एक आकस्मीक कोषको व्यवस्था गरिने छ।

ज. गाउपालीका क्षेत्र भित्र भईरहेको र हुन सक्ने वनक्षेत्रको अतिक्रमणलाई नियन्त्रण गरिनेछ।

झ. मध्य पहाडी लोक मार्ग र अन्य सडकहरु को पानी ढल किनारमा भु-क्षय तथा भु-स्खलन रोक्नका लागी यसै बर्ष बाट बायो इन्जीनियरीङ्ग कामको शुरुवात गरीने छ।

**५. संस्थागत विकास र सेवा प्रवाह :**

क. सेवा प्रवाहलाई सुचना प्रविधि मैत्री वनाईनेछ । गाउँपालिकाको वेभसाईट निर्माण गरि गाउँ पालिकावाट प्रवाहहुने सेवाहरु तथा गाउँपालिकाका निर्णयहरु सार्वजनिक गरिने छ ।

ख. पञ्जीकरणलाई व्यवस्थित गर्न अनलाईनमा आधारित घटना दर्ता प्रणालीको व्यवस्थापन गरिने छ ।

ग. आगामी आर्थिक वर्षदेखी गाउँ कार्यपालिकाको कार्यालय ,वडा कार्यालय,विषयगत /शाखा कार्यालय ,गैर सरकारी कार्यालय ,स्थानीय संघ संस्था समेतका गाउँपालिकाका क्षेत्र भित्रका कार्यालयहरुमा सुशासन विकास ईकाइ स्थापन गदै जाने नीति लिईने छ ।

घ. आठराई गाउँपालिकालाई एकिकृत सेवा केन्द्रको रुपमा विस्तार गरिने छ ।

ङ. गाउँपालिकामा कार्यरत मानव संसाधानको क्षमता विकास गर्न आवश्यक तालिमको व्यवस्था गरिने छ ।

च. गाउँपालिका तथा सवै वडा कार्यालयहरुमा नागरिक वडा पत्रको व्यवस्था गर्दै सेवा प्रवाहलाई चुस्त दुरुस्त वनाईने छ ।

छ. वडा कार्यालय तथा गाउँपालिकाको कार्यालयको लागी आवश्यक पर्ने जग्गा प्राप्तीको लागी यथा सम्भव पहल गरिने छ र भवन निर्माणको लागी नेपाल सरकारसँग मागको लागी पहल कदमी गरिने छ ।

ज. गाउँपालिकावाट प्रवाह हुने सेवामा सेवा प्रवाहका मापदण्ड निधारण गरि कर्मचारीलाई उचित दण्ड र पुरस्कारको व्यवस्था गरिने छ ।

झ. गाउँपालिकाको पार्श्वचित्र ,स्रोतनक्सा र विकास गतिवीधि समेटिएको वृतचित्र निर्माण गरिने छ ।

ञ. भिलेज प्रोफाईल र गाउँपालिका स्तरीय गुरु योजना निर्माण गरि कार्यान्वयनमा ल्याईने छ ।

ट. सेवा प्रवाहमा प्रभावकारीता ल्याउन वडा कार्यालय तथा गाउँपालिकाको कार्यालयमा फर्निचर ,कम्प्यूटर तथा मेसिनरी औजारको आवश्यक प्रवन्ध मिलाईनेछ ।

ठ. स्थानीय तहका सवै कार्यलयहरुमा क्षतिपूर्ति सहितको प्रशासनिक सेवा लागु गरिनेछ ।

**६. वित्तिय व्यवस्थापन तथा सुशासन**

क. करको दायरा फराकिलो वनाई करका दर कम गरि कर संकलन अभियान लाई प्रभावकारी वनाईने छ । गाउँपालिका घोषण सँगै राजश्वका क्षेत्र पहिचान गरि दायर विस्तार गर्ने प्रयास गरिएको छ साथै साविकका स्थानीय निकायले लगाउदै आएका सेवा शुल्क र दस्तुरको दरमा सामान्य परिमार्जन गरिएको छ ।

ख.गाउँपालिका र वडाले गरेका विकास निर्माण तथा सेवा प्रवाहका सम्वन्धमा सार्वजनिक सुनुवाईको व्यवस्था गरिनेछ ।

ग.गाउँपालिकाको आन्तरिक उत्पादनलाई वढावा दिदै निर्यात प्रवर्द्धनमा जोड दिईनेछ ।

घ. यस गाउँपालिकालाई वेरुजु रहित वनाईने छ साथै साविकका गाविसका पुराना वेरुजुहरु नियमानुसार असुल उपर गरिने छ ।

ङ.यस आठराई गाउँपालिकाको लेखा प्रणालिलाई व्यवस्थित गर्न नविनतम प्रविधि तथा सफ्टवेयरको प्रयोग गर्ने व्यवस्था मिलाईनेछ ।

**माननिय सदस्यहरु**

अव म आगामी आर्थिक वर्ष २०७४/०७५ मा संचालन गर्ने आयोजना तथा कार्यक्रमहरु र विनियोजित वजेटको विवरण प्रस्तुत गर्न यस सम्मानीत सभावाट अनुमती चाहन्छु ।

आर्थिक वर्ष २०७४/०७५ मा यस गाउँपालिकामा वित्तिय समानिकरण तर्फ :- १६,९२,७१,००० (सोह्र करोड वयानव्वे लाख एकत्तर हजार), शर्सत अनुदान तर्फको रकम १४,४३,०३,०००। (चौध करोड त्रिचालिस लाख तिन हजार) ,नेपाल सरकार वाट प्राप्त गत वर्षको आ.व.को अल्या रकम ५९,८७,१३३ (उनान्साठी लाख सत्तासी हजार एक सय तेतिस) ,आगामि आ.व.मा आन्तरीक राजश्व रकम रु १०,००,०००। (दश लाख) संकलन गर्ने लक्ष लिएको छ भन्ने अन्य आयको रुपमा रु १०,००,०००। (दश लाख ) प्राप्त हुन अनुमान गरिएको छ । यसरी यस आर्थिक वर्षको कुल रकम ३२,१५,६१,१३३ (वत्तिस करोड पन्ध्रलाख एकसठी हजार एकसय तेतिस) प्रस्ताव गरिएको छ ।

वित्तिय समानिकरण तर्फ कुल १६,९२,७१,००० (सोह्र करोड वयानव्वे लाख एकत्तर हजार) र गत वर्षको अल्या रकम ५९,८७,१३३ (उनान्साठी लाख सत्तासी हजार एक सय तेतिस) ,आगामि आ.व.मा आन्तरीक राजश्व रकम रु १०,००,०००। (दश लाख) संकलन गर्ने लक्ष लिएको छ भन्ने अन्य आयको रुपमा रु १०,००,०००। (दश लाख ) प्राप्त हुन अनुमान गरि जम्मा १७,७२,५८,१३३। ( सत्र करोठ वहत्तर लाख अन्ठाउन्न हजार एकसय तेतिस ) मध्ये चालु तर्फ ३,२८,३४,८३१। ( तिन करोड अठाईस लाख चौतिस हजार आठसय एकतिस ) ( १८.५२ प्रतिसत) र पूँजिगत तर्फ १४,४४,२३,३०२ (चौध करोड चौवालीस लाख तेईस हजार तिन सय दुई ) विनियोजन गरिएको छ । शर्सत अनुदान तर्फको रकम १४,४३,०३,०००। (चौध करोड त्रिचालिस लाख तिन हजार) प्राप्त कार्यक्रम र अख्तियारी वमोजिम नै खर्च हुनेछ ।

कुल पूँजिगत रकम १४,४४,२३,३०२। (चौध करोड चौवालीस लाख तेईस हजार तिन सय दुई) मध्ये विषयगत क्षेत्रहरुमा निम्ननुसार विनियोजन गरिएको छ ।

**आर्थिक विकास** (कृषि ,उद्योग तथा वाणिज्य ,पर्यटन, सहकारी ,वित्तिय क्षेत्र आदि) तफ २,०५,५३,४५०। (दुई करोड पाँच लाख त्रिपन्न हजार चारयस पचास) विनियोजन गरिएको छ ।

**सामाजिक विकास** :- (शिक्षा ,स्वास्थ्य ,खानेपानी,तथा सरसफाई ,संस्कृती प्रवर्द्धन लैगिक समानता तथा सामाजिक समावेशीकरण ,खेलकुद तथा मनोरञ्जन आदि ) तर्फ ३,०५,६७,०००। (तिन करोड पाँच लाख सड्सठी हजार) विनियोजन गरिएकोछ ।

**पूर्वाधार विकास** ( सडक तथा पुल ,सिचाई ,भवन तथा सहरी विकास ,उर्जा लघु तथा साना जलविद्युत वैकल्पिक उर्जा संचार आदि ) तर्फ रकम रु ६,८६,३२,०००। (छ करोड छयासी लाख वत्तिस हजार) विनियोजन गरिएको छ ।

**वातावरण तथा विपत व्यवस्थापन** ( वन तथा भू-संरक्षण ,जलाधार ,संरक्षण ,वातावरण संरक्षण,जलवायु परिर्वतन, फोहरमैला व्यवस्थापन ,ल्यान्डफिल्ड साईड ,जल उत्पन्न प्रकोप नियन्त्रण, विपत व्यवस्थापन तर्फ रकम रु ४१,००,०००। (एकचालीस लाख) विनियोजन गरिएको गरिएको छ ।

**संस्थागत विकास तथा सेवा प्रवाह** - फर्निचर ,ईलोक्ट्रोनिक्स सामान समेत) सामान्य सेवा, सुरक्षा व्यवस्थापन ,सूचना प्रविधि ,पंञ्जिकरण व्यवस्थापन ,स्थानीय तथ्याङ्क संकलन र अभिलेख व्यवस्थापन ,सुशासन प्रबर्द्धन, अनुसन्धान तथा विकास अन्यत्र वर्गिकरण नभएका ) तर्फ रकम रु १,४१,२४,०००।.(एक करोड एकचालीस लाख चौविस हजार) विनियोजन गरिएको छ ।

**वित्तिय व्यवस्थापन** - लेखांङकन ,राजश्व परिचालन ,वित्तिय अनुशासन ,जोखिम न्यूनिकरण ,सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण तथा आन्तरिक नियन्त्रण प्रणाली ,अन्तिम लेखा परिक्षण तथा वेरुजु फछ्यौंट सुचना तथा संचार व्यवस्थापन ) तर्फ रु १,५५,०००। (एकलाख पचपन्न हजार) विनियोजन गरिएको छ ।

- गाउँपालिकाको कार्यालय र वडा कार्यालय व्यवस्थापन तथा गाउँपालिका पार्श्वचित्र लगायत निर्माणका लागी कुल ६२,९१,८५२। (वैसठी लाख एकानव्वे हजार आठ सय वाउन्न) रकम विनियोजन गरिएको छ ।

- सवैवडाहरुलाई जोडने रणनैतिक महत्वको रिङ्गरोटको अवधारणलाई मुर्तरुप दिन वडा नं. २ खाम्लालुङ्गको खुङग्रिङ्ग ,थोक्लुङ्ग,चुहानडाँडा, छातेढुङ्गा मोटरवाटो निर्माणको प्रारम्भिक कार्य सम्पन्न गर्न २ करोड रुपैयाँ विनियोजन गरिएको छ ।

- चालु आर्थिक वर्षमा विकासको मेरुदण्डको रुपमा रहेको पूर्वाधार क्षेत्रलाई विशेष महत्व दिईनेछ , जसका लागी जम्मा ६ करोड ८६ लाख ३२ हजार रकम विनियोजन गरिएको छ ।

- सक्रान्तिवजारलाई आठराई गाउँपालिकाको मुख्य पर्यटकिय स्थलको रुपमा विकास गर्न याकुम्वागढी भ्यूटावर निर्माणको लागी ३० लाख रुपैयाँ विनियोजन गरिएको छ ।

- वहु-स्तरीय शासनको अवधारणलाई आत्मसाथ गर्दै शासनका वहुपात्रहरु गैर सरकारी संस्था तथा नीजि क्षेत्रलाई प्रत्साहित गर्न तथा आठराई गाउँपालिकामा विकासको पथमा वहुपात्रहरुलाई मुल प्रवाहिकरण गर्न साझेदारी शिर्षकमा ७५ लाख रकम विनियोजन गरिएको छ ।

- युवा देश विकासका मेरुदण्ड हुन खेलकुदवाट युवाको क्षमता अभिवृद्धि गर्दै आठराई गाउँपालिकाको विकास गर्दै समग्र मुलुकको विकासमा योगदान पुऱ्याउन हेतुले गाउँपालिकावाट खेलकुद क्षेत्रमा १३ लाख रुपैयाँ विनियोजन गरिएकोछ ।

- आठराई गाउँपालिका १ नम्वर वडा साविक सक्रान्तिवजार वडा नं. ५ मा रहेको वुकी गाउँमा खानेपानीको ठूलो समस्या रहेकाले खानेपानीको सुविधा उपलव्ध गरउन वुकी खानेपानी आयोजनालाई ४० लाख रकम विनियोजन गरिएको छ ।

- सिपमुलक प्राविधिक शिक्षाको अवधारणलाई सुरुवात गर्न वहुप्राविधिक शिक्षालय प्राविधिक कक्षा संचालनको लागी रु १० लाख रकम विनियोजन गरिएको छ ।

- आठराई गाउँपालिकाको आफ्नै भवन नरहेको हुँदा कार्यालय संचालनको लागी पुरानो कृषि भवन मर्मत गरि कार्यालय संचालनको लागी रु २५ लाख रकम विनियोजन गरिएको छ ।

- आठराई गाउँपालिको केन्द्र सक्रान्तिवजारको सडकलाई मर्मतको लागी ३५ लाख रकम विनियोजन गरिएको छ ।

- आठराई गाउँपालिका सक्रान्तिवजार देखी गुफेडाँडा,थोक्लुङ्ग, सिम्राह सडक स्तरोन्नीको लागी २० लाख रकम विनियोजन गरिएको छ ।

- यस गाउँपालिको समग्र विकास प्रकृयामा सहयोग पुग्ने गरि गाउँपालिकाको गुरुयोजना निर्माणको लागी १५ लाख रकम विनियोजन गरिएको छ ।

- स्थानीय निकायमा साविकमा कार्यरत गाविस सचिवहरुले पाउनु भएको प्रोत्साहन भत्ताको हकमा चालु शिर्षकवाट खर्चहुने गरि गाउँपालिकामा कार्यरत सम्पूर्ण स्थायी निजामती कर्मचारी र वडा समितिको सचिवको हकमा मात्र लागुहुने गरि गाउँपालिकाकको आन्तरीक स्रोतवाट व्ययभार हुने गरि खाईपाई आएको तलवको २५%(प्रतिसत) रकम विनियोजन गरिएको छ ।

- यस गाउँपालिकामा संचालन हुने सार्वजनिक निर्माणका कार्यमा योजना व्यवस्थापन स्वरुप कुल रकमको ४ प्रतिसत (कन्टेन्जेन्सी) रकम कट्टा गरिने छ ।

**गाउँपालिका कार्यालयको चालू खर्च**

| सि.नं. | शिर्षक | रकम(रु) |
|---|---|---|
| १ | तलव | ९५६४२४६ |
| २ | पोशाक | २२५००० |
| ३ | चाडवाड | ७३४०२५ |
| ४ | स्थानीय भत्ता | १०३०५६० |
| ५ | महंगी भत्ता | ३६०००० |
| ६ | फिल्ड भत्ता | ० |
| ७ | (अन्य भत्ता) | ३९११००० |
| ८ | धारा, पानी तथा विजुली | २००००० |
| ९ | ईन्धन | ३१२००० |
| १० | ईन्धन अन्य प्रयोजन | ७२००० |
| ११ | सेवा परामर्श | ८००००० |
| १२ | अन्य सेवा शुल्क | २०००००० |
| १३ | अनुगमन मूल्याङ्कन तथा भ्रमण खर्च | १०००००० |
| १४ | सरुवा भ्रमण खर्च | ३००००० |
| १५ | संचार महशुल | १२६००० |
| १६ | बीमा | १००००० |
| १७ | घरभाडा | ९००००० |
| १८ | अन्य भाडा | २००००० |
| १९ | कार्यालय सञ्चालन खर्च | १०००००० |
| २० | सञ्चालन तथा मर्मत | ७००००० |
| २१ | कार्यक्रम खर्च | १२००००० |
| २२ | निर्मित सार्वजनिक सम्पतिको मर्मत संभार | ५००००० |
| २३ | कर्मचारी तालिम | ३००००० |
| २४ | सीप बिकास र जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | १४००००० |
| २५ | विविध | १०००००० |
| २६ | विविध ( वडा कार्यालय संचालन, प्रत्येक वडाका लागि रु ७०००००(सात लाख मात्र)) | ४९००००० |
| | **जम्मा** | **३२८३४८३१।** |

## आठराई गाउँपालिकाको कार्यालयवाट संचालन हुने योजनाहरु

| क.स | योजनाको नाम | आयोजना संचालन हुने स्थान | रकम (रू) | कैफियत |
|---|---|---|---|---|
| १ | सक्रान्तिवजार सडक ढलाई तथा सोलीङ | आठराई गा.पा. १ | ३५००००० | |
| २ | सक्रान्तिवजार, गुफेडाँडा, थोक्लुङ्ग, सिम्राह सडक स्तरोन्नी | | २०००००० | |
| ३ | साझेदारीको लागी रकम | | ७५००००० | |
| ४ | खेलकुद विकासको लागी | | १३००००० | |
| | ➢ कालिका नि.मा.वि. खाम्लालुङ खेलमैदान विस्तार तथा मर्मत<br>➢ आठराई संयुक्त युवा क्लव खेलकुद परिक्षण तथा खेल संचालन<br>➢ मौलेडाँडा खेलमैदान निर्माण<br>➢ साविक ईवा ४ खेलमैदान निर्माण<br>➢ खेलकुद सामग्री खरिद | आठराई गा.पा. २<br>आठराई गा.पा. २<br>आठराई गा.पा. ३<br>आठराई गा.पा. ४<br>गाउँपालिका | ४०००००<br>५०००००<br>१०००००<br>२०००००<br>१००००० | |
| ५ | नाम्जाङ कुलो मुनी अमला वोटवाट ,कार्कीडाँडा डाँडाँगाउँ खेलपुर मोटरवाटो स्तरन्नती | आठराई गा.पा.७ ,१ | ५००००० | |
| ६ | साविक चुहानडाँडा ८ को खेलमैदान निर्माणको लागी | आठराई गा.पा. ६ | २००००० | |
| ७ | शारदा मा.वि. खेलमैदान तथा पर्खाल निर्माण | आठराई गा.पा. ६ | ४००००० | |
| ८ | चुहानडाँडाको नयाँ वजारमा सार्वजनिक शौचालय निर्माण | आठराई गा.पा. ६ | ३००००० | |
| ९ | याकुम्वा गडी भ्यू टावर निर्माण | आठराई गा.पा. १ ,६ | ३०००००० | |
| १० | गोसखान निर्माण सक्रान्तिवजार | आठराई गा.पा. १ | १००००० | |
| ११ | उद्योग वाणिज्य संघ सक्रान्तिवजार फर्निचर खरिद | आठराई गा.पा. १ | ६००००० | |
| १२ | पुरानो कृषि भवन मर्मत | आठराई गा.पा. १ | २५००००० | |
| १३ | खाम्लालुङको खुडग्रीङ थोक्लुङ्ग,चुहानडाँडा, छातेढुंगा मोटरवाटो निर्माण ( चक्रपथ ) ,परामर्स सेवा (रु १५००००० ,पन्ध्र लाख ) समेत | आठराई गा.पा २,५,६ र ७ | २००००००० | |
| १४ | वगाले, गुम्वा सडक निर्माण | आठराई गा.पा ३ | ७००००० | |
| १५ | सक्रान्तिवजार स्रोतकेन्द्र व्यवस्थापन | आठराई गा.पा १ | २५०००० | |
| १६ | वुकी खानेपानी आयोजना निर्माण तथा संचालन | आठराई गा.पा १ | ४०००००० | |
| १७ | लोकसेवा तयारी कक्षा संचालन ( दलित आदिवासी जनजाति ,विपन्न वर्ग ) | आठराई गा.पा | २००००० | |
| १८ | विपन्न वालवालिका छात्रवृती | आठराई गा.पा | २००००० | |
| १९ | अपाङ्गता भएको व्यक्ति हितकोष | आठराई गा.पा | ३२०००० | |
| २० | **म्याङलुङ्ग क्याम्पस फर्निचर खरिद** | | ३००००० | |
| २१ | **सक्रान्तिवजार शौचालय निर्माण** | आठराई गा.पा १ | **५०००००** | |
| २२ | विपन्न वर्गलाई आधारभूत कम्प्यूटर तालिम संचालन **-२ महिने** ) | आठराई गा.पा | ५००००० | |

| | | | | |
|---|---|---|---|---|
| २३ | युवा क्षमता विकास कार्यक्रम | आठराई गा.पा | ८०००० | |
| २४ | मदन भण्डारी अध्ययन केन्द्र पुस्तकालय स्थापना तथा व्यवस्थापन | | १५००००० | |
| २५ | तरकारी पकेट क्षेत्र संचालन कार्यक्रम | आठराई गा.पा | १०००००० | |
| २६ | सुचनाको हक सम्वन्धी तालिम तथा गोष्ठी संचालन कार्यक्रम | आठराई गा.पा | ३५०००० | |
| २७ | सिमलडाडाँ देखी सोदन हुदै डाडाँगाउ मोटर वाटो मर्मत सम्भार तथा स्तरोन्ती | आठराई गा.पा १ र ७ | ५००००० | |
| २८ | लालिगुराँस वहुप्राविधिक शिक्षालय प्राविधिक तालिम संचालनका लागी गाउँपालिकाको तर्फवाट संस्थासँग साझेदारी कार्यक्रम | आठराई गा.पा | १०००००० | |
| २९ | स्थानीय स्तरमा रहेका सहकारीलाई २ दिने अभिमुखिकरण तालिम | आठराई गा.पा | २००००० | |
| ३० | महिला क्षमता विकास कार्यक्रम | आठराई गा.पा | ५५०००० | |
| ३१ | आकस्मीक कोष स्थापना | आठराई गा.पा | १०००००० | |
| ३२ | थोक्लुङ ८ मा सामुदायिक विद्युत मिल खरिद | आठराई गा.पा | ७०००० | |
| ३३ | वडा स्तरीय लेखा तथा प्रशासन सम्वन्धि अभिमुखी तालिम | आठराई गा.पा | ३००००० | |
| ३४ | सावकि थोक्लुङ १ मा फूटवल खेलमैदान निर्माण | आठराई गा.पा ७ | १००००० | |
| ३५ | नेवारडाडा शिव प्रा.वि खयरबोटे दोभान ईवा मोटरवाटो निर्माण | आठराई गा.पा | १०००००० | |
| ३६ | सक्रान्तिवजार सशस्त्र प्रहरी वल अस्थायी बेस क्याम्प भवन मर्मत तथा वाल निर्माण | आठराई गा.पा | ३००००० | |
| ३७ | जुरे प्रा.वि. कोयाखोला मोटरवाटो मर्मत | आठराई गा.पा २ | १००००० | |
| ३८ | वाईपुडाँडा सोवुवादेउराली मोटरवाटो मर्मत | आठराई गा.पा २ | २००००० | |
| ३९ | देउमाई खेल मैदान मर्मत | आठराई गा.पा २ | १००००० | |
| ४० | कुने पेल्टीसेट मर्मत | आठराई गा.पा २ | १००००० | |
| ४३ | सितल छहारी वाल तथा युवा क्लव (युवा क्षमता विकास खेलकुद कार्यक्रम) | आठराई गा.पा ७ | ३००००० | |
| ४४ | सुकेपोखरी नक्कले घाट भञ्ज्याङ्ग मोटरवाटो निर्माण | आठराई गा.पा ५ | १९००००० | |
| ४५ | कोयाखोला खाम्लालुङ सक्रान्तिवजार मोटरवाटो मर्मत | आठराई गा.पा २ | ६००००० | |
| ४६ | संक्रन्तिवजार गुम्वा डाडा ह्वाकु वडा कार्यालय मोटरवाटो मर्मत | आठराई गा.पा ३ | ६००००० | |
| ४७ | सक्रान्तिवजार ईवा हिउदिया दोभाव र ईवा कालिपा मोटरवाटो मर्मत | आठराई गा.पा ४ | ८००००० | |
| ४८ | छातेढुगा मोटरवाटो मर्मत | आठराई गा.पा ५ र ६ | ६००००० | |
| ४९ | थोक्लुङ ,पिप्ले कोयाखोला ईसिवु वाटो मर्मत | आठराई गा.पा ७ | १४००००० | |
| ५० | गाउँपालिकाको कृषि र पर्यटन गुरु योजना निर्माण ( २ वटाको रु ७५०००० का दरले) | आठराई गा.पा | १५००००० | |
| ५१ | आठराई गाउपालिका ठुटेवाट फूगुवाखोला मोटरवाटो मर्मत | आठराई गा.पा ३ | ८००००० | |
| ५२ | साविक सक्रान्तिवजार गाविस वडा नं. ५ ,३ हुदै नुनियाखोला मोटर वाटो | आठराई गा.पा १ | १००००० | |
| ५३ | सक्रान्तिवजार विजुली विस्तार | आठराई गा.पा १ | १००००० | |
| ५४ | विकास अवधारण गोष्ठी तथा रणनीतिक कार्ययोजना तर्जुमा तालिम | आठराई गा.पा | ५००००० | |
| ५५ | गाउँपालिका सवारी साधन खरिद | आठराई गा.पा २ | ५००००० | |
